# श्री चक्रदेवी वालसिङ सामुदायिक वन उपभोक्ता समुह

गजुरी गाउँपालिका- ३, धादिङ

6/कु२

प.सं. २०८२।०८३
च.नं.

## वन पैदावार (गोलिया काठ) लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मिति २०८३/०३/१७

यस चक्रदेवी वालसिङ सामुदायिक वन उपभोक्ता समुह, गजुरी गा.पा. वडा नं. ३ ले व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट डिभिजन वन कार्यालय धादिङको च.नं. १४९० मिति २०८२/११/०७ को संकलन सहमति लिई कटान मुछान भएका काठहरू व्यापारिक प्रयोजनका लागि डिभिजन वन कार्यालय धादिङको च.नं.२४७४, मिति २०८३/०३/१५ मा लिलाम विक्रीको सहमति लिएको तपसिल बमोजिमका वन पैदावार गोलिया काठहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई जुनसुकै डिभिजन वन कार्यालयहरूमा वन नियमावली २०७९ बमोजिम सूचीकृत भएका इच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र, यस समूह वा डिभिजन वन कार्यालय, धादिङबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२.०० बजे भित्र यस चक्रदेवी वालसिङ वन उपभोक्ता समुह, गजुरी गा.पा. वडा नं. ३, धादिङमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१. वन पैदावारको विवरण

| लट नं. | जात | थान | ग्रेड | परिमाण क्यू. (क्यु.फि.) | न्यूनतम मूल्य रू. | संकलन खर्च |
|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | उतिस | ११६ | B | ३०३.५२ | ४५,५२८।- | नियमानुसार |
| ०२/०८२/०८३ | खोटेसल्ला | ४ | A | ५५.६४ | १३,९१०।- | |
| | खोटेसल्ला | ८५ | B | ६१४.७५ | ९२,२१२.५ | |
| | | २०५ | | ९७३.९१ | १,५१,६५०.५ | |

२. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समयः २०८३।०४।०५ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन ।

३. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समयः २०८३।०४।०६ गते मध्यान्ह १२.०० बजे सम्म । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन ।

४. निर्धारित गरिएको न्यूनतम संख्याका र रित पूर्वक पर्न आएका बोलपत्रहरु सूचनामा तोकिएको मितिमा बोलपत्रदाताहरू समेतको रोहवरमा खोलिने छ तर बोलपत्रदाता उपस्थित नभएकै कारणबाट बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. **बोलपत्र फारमको लागि रू एक लाख भन्दा कमको लागि प्रति लट रू ३०० र रु एकलाख देखि दश लाखसम्म न्यूनतम मूल्यको लटका लागि रु १०००।-** (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक गजुरी शाखा को खाता नं. १०५०१००००५८२५००१ नगद जम्मा वा नगदी रसिदको सक्कलै भौचर संलग्न राखी यस सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालय धादिङबाट खरिद तथा दाखिला गर्न सकिनेछ।बोलपत्र खरिद गर्नका लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरिनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

६. बोलपत्र साथ कवुल गरेको रकमको १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सा.व.उ.स.को राष्ट्रिय बाणिज्य बैंक को खाता नं. १०५०१००००५८२५००१ मा नगद जम्मा यरेको सक्कलै भौचर समावेश हुनुपर्नेछ।

# श्री चक्रदेवी वालसिङ सामुदायिक वन उपभोक्ता समुह

## गजुरी गाउँपालिका-३ धादिङ

प.सं. २०८२।०८३
च.नं.

अध्यक्ष

७. लिलाम वढावढ हुने वन पैदावार सम्बन्धित सामुदयिक वन समुह कार्यालयमा सम्पर्क गरी घाटगद्दी स्थलमा हेर्न सकिने छ।

८. लिलाममा भाग लिनका लागि वन पैदावार कारोबार गर्ने उद्देश्यले दर्ता भएका ईच्छुक संघ संस्था, फर्म वा कम्पनीले उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

१०. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्लाबेग्लै खरिद गर्नु पर्नेछ र बेग्ला बेग्लै दाखिला गर्नु पर्नेछ। **खाम बाहिर प्रष्ट रूपमा लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।**

११. लिलाम स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरिने छ । सो को जानकारी लिनु पर्ने दायित्व बोलपत्रदाताको हुनेछ। **बोलपत्र स्वकृित भएको सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र** सकार गरेको रकम, निर्धारित मू.अ.कर , अग्रिम आयकर तथा संकलन खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्रमा उठाई जानु पर्नेछ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अन्तिम निर्णय चक्रदेवी वालसिङ सामुदायिक वन उपभोक्ता समुह, गजुरी-३ को हुनेछ । अन्य बिषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ र वन नियमावली २०७९ मा उल्लेखित व्यवस्था पूर्ण रुपमा लागू हुनेछ

१४. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिनभित्र सकार गरेको रकम तथा संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानुपर्नेछ।

१५. बोलपत्रको विस्तृत सूचना वन तथा वातावारणा मन्त्रालय, वन निर्देशनालय बागमती प्रदेश हेटौंडा मकवानपुरमा पनि पठाउँनु पर्नेछ ।

१६. सूचना बमोजिम बोलपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाइने कुनै विवाद स्वतः अमान्य हुनेछ।